"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref.

मिति : २०७७/१२/०२

## प्रेस विज्ञप्ती

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/११/२५ मा च.नं ९७ बाट सबै स्थानीय तहहरुलाई संबोधन गरी गाउँपालिका/नगरपालिका कार्य सञ्चालन निर्देशिका २०७७ को नमूना कानून पठाएको प्रति नेपाल नगरपालिका संघको गम्भीर ध्यानाकर्षण भएको छ । नगर प्रमुख/उपप्रमुखहरुको सहयोगीको रुपमा राख्ने कर्मचारीहरुको सेवा सुविधा बारे प्रादेशिक सरकारबाट तोक्ने व्यवस्था हुँदा हुँदै पनि र स्थानीय सरकारहरु सक्षम हुँदा पनि नमूना कानूनका नाममा संविधान प्रदत्त अधिकारहरुमा संकुचन आउने गरी स्थानीय सरकारका जनप्रतिनिधिहरुलाई विभिन्न बहानामा खर्चको सिमा लगायतमा अंकुश लगाउने कार्यले स्थानीय सरकारहरुको स्वायत्तता माथि हस्तक्षेप गर्ने कार्यप्रति असहमति जनाउँदछौं । स्थानीय सरकार आफैं आफ्नो पारदर्शिता, जवाफदेहीता र उत्तरदायित्व वहन गर्ने सरकार भएकोले स्व व्यवस्थापन गर्ने/गराउने नै छ ।

अब उप्रान्त एकल अधिकार भित्रको मस्यौदा निर्माण गर्दा सम्वन्धित कानूनी अधिकार प्राप्तले गर्ने र सरोकारवालाहरुको परामर्श लिने दिने कार्य गर्न संघीय सरकारबाट होस् ! साथै संघीयताको मर्म र भावना अनुरुप स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य र सहअस्तित्व कायम गरी कार्य गर्न प्रोत्साहन गर्नु पर्नेमा नियन्त्रणमूखि निर्देशनको रुपमा आएको नमूना कानूनलाई तत्काल रोकि स्थानीय सरकारहरुले लागु नगर्न/नगराउन हार्दिक अपिल गर्दछ ।

अशोक कुमार ब्याञ्जु
अध्यक्ष